# दार्मा राजपत्र

दार्मा गाउँपालिका द्वारा प्रकाशित

खण्ड १ सल्यान भाद्र १८ गते २०७६ साल ( संख्या - १७ )

**दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
**सल्यान**

**कर्णाली प्रदेश,नेपाल**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि दार्मा गाउँकार्यपालिकाले यो कार्यविधि वनाएकोले तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ को कार्यविधि न.१७

## एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७६

कार्यपालिकाबाट अनुमोदन मितिः २० ७६। ०५ । १०

**प्रस्तावना :**

यस दार्मा गाउँपालिकाका रहेका समुदायहरुलाई स्वास्थ्य अवस्थालाई आकष्मिक सेवालाई छिटो छरितो र सेवामुलक सेवा सञ्चालन गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को वमोजिम दार्मा गाउँ कार्यपालिकाले "एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६", जारी गरी लागु गरिएको छ ।

## भाग -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले दार्मा गाउँपालिका सम्झनु पर्छ ।

ख) "अध्यक्ष " भन्नाले दार्मागाउपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ग) उपाध्यक्ष भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(च) "एम्वुलेन्स भन्नाले विरामी ओसार्ने स्वीकृत प्राप्त वाहन सम्झनु पर्दछ र सो शव्दले एम्वुलेन्समा जडित उपकरण ,चालक र परिचारीका समेतलाई जनाउँदछ ।

(ज) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन सम्झनु पर्छ ।

(झ) "सवारीको वजन" भन्नाले सवारीको कूल वजन सम्झनु पर्छ ।

**स्पष्टीकरण** : "कूल वजन" भन्नाले सवारीको इन्जीन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताको प्रमाण पत्रमा लेखिएको सो सवारीको कूल भार वहन क्षमता समेतलाई जनाउँछ ।

(ञ) "ठूलो सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ट) "मझौला सवारी" भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ठ) "सानो सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ड) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ ।

(ढ) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ण) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ ।

(त) "पर्यटक सवारी" भन्नाले दफा ७ बमोजिमको सवारी सम्झनु पर्छ ।

(थ) "निजी सवारी" भन्नाले दफा ८ बमोजिमको सवारी सम्झनु पर्छ ।

(द) "सरकारी सवारी" भन्नाले दफा ९ बमोजिमको सवारी सम्झनु पर्छ ।

(ध) "संस्थानको सवारी" भन्नाले दफा १० बमोजिमको सवारी सम्झनु पर्छ ।

(न) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा ११ बमोजिमको सवारी सम्झनु पर्छ ।

(प) "यात्री" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(फ) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ

"यात्रीबाहक सवारी" भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(व) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(भ) "दर्ताको प्रमाणपत्र" भन्नाले दफा १६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ ।

(म) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(य) "चालक अनुमतिपत्र" भन्नाले दफा ५० बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(र) "परिचालक" भन्नाले दफा ६७ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ ।

(ल) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ ।

(व) "सार्वजनिक स्थान" भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँलाई समेत जनाउँछ ।

(श) "पार्किङ्गस्थल" भन्नाले सवारी अड्याउन निर्धारित ठाउँ सम्झनु पर्छ ।

(ष) "बस बिसौनी" भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँ सम्झनु पर्छ ।

(स) "बाटो" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित बाटो सम्झनु पर्छ ।

(ह) "लामोबाटो (लङ्ग रूट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(क्ष) "मध्यम बाटो (मिडियम रूट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी तर दुईसय पचास किलोमिटरभन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(त्र) "छोटो बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर देखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(ज्ञ) "स्थानीय बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ ।

(ज्ञ १) "बाटो इजाजतपत्र" भन्नाले स्वीकृत बाटोमा सवारी चलाउन दफा ७७ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ज्ञ २) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(ज्ञ ३) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बीमालाई समेत जनाउँछ ।

(ज्ञ ४) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ ।

(ज्ञ ५) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ ।

(ज्ञ ६) "यात्री गुण्टा" भन्नाले यात्रीले आफनो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ ।

(ज्ञ ७) "ट्राफिक सङ्केत" भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ ।

(ज्ञ ८) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ।

(ज्ञ ९) "विभाग" भन्नाले नेपाल सरकार, निर्माण तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग सम्झनु पर्छ।

(ज्ञ १०) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ।

(ज्ञ ११) "व्यवस्थापन समिति" भन्नाले दफा १५४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज्ञ १२) "परीक्षा समिति" भन्नाले दफा १५६ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(ज्ञ १३) "यातायात निरीक्षक" भन्नाले दफा १५७ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ १४) "प्रशिक्षण केन्द्र" भन्नाले दफा १५९ बमोजिम विभागबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ज्ञ १५) "क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्गत पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ज्ञ १६) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ज्ञ १७) शुल्क भन्नाले नविकरण ,दर्ता तथा सेवा शुल्क सम्झनु पर्दछ।

(ज्ञ १८) समिति भन्नाले दार्मा गाउँपालिका स्तरीय एम्वुलेन्स सञ्चालन समिति सम्झनु पर्दछ।

## परिच्छेद-२
## सवारीको वर्गीकरण

**३. ठूलो सवारी :**

दश टनभन्दा बढी वजन भएको अनुसूची (१ को खण्ड (क) मा लिखित सवारीलाई ठूलो सवारी भनिनेछ।

**४. मझौला सवारी** : चार टनदेखि दश टनसम्म वजन भएको अनुसूची (१ को खण्ड (ख) मा लिखित सवारीलाई मझौला सवारी भनिनेछ ।

**५. सानो सवारी** : चार टनभन्दा कम्ती वजन भएको अनुसूची(१ को खण्ड (ग) मा लिखित सवारीलाई सानो सवारी भनिनेछ ।

**६. सार्वजनिक सवारी** : (१) यातायात सेवा सञ्चालन गर्न दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ ।

(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी जम्मा दुई किसिममा विभाजन गरिनेछ ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः(

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रूत (एक्सप्रेस) सेवा र

(ग) साधारण (लोकल) सेवा ।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची २ को खण्ड (क) मा लेखिएबमोजिम नम्बर प्लेट राख्नु पर्छ ।

**७. पर्यटक सवारी** : (१) विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची(२ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**८. निजी सवारी** : (१) निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिनेछ ।

(२) निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन ।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची(२ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**९. सरकारी सवारी** : (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची(२ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**१०. संस्थानको सवारी** : (१) नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची (२ को खण्ड (ङ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**११.आकष्मीक सुविधा प्राप्त सवारी** : आकष्मीक सेवा प्राप्त सवारी आकष्मीक सेवा भन्दा अन्य प्रयोजनकोलागि प्रयोग गर्न पाइने छैन यस्तो राजश्व छुट तथा आकष्मीक सेवा प्राप्त सवारी प्रयोजन भन्दा अन्य कार्यमा प्रयोग गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवार्हि गरिने छ ।

**१२) विशेष अधिकार** : काष्मीक सेवाका सवारी लाई बाटोमा पहिलो प्राथमीता दिनु पर्ने छ । कोहि कसैले पनि उक्त सेवा लाई अवरोध गर्न पाइने छैन यदि कोहि कसैले अवरोध गर्ने उद्योग गरेको वा गरे गराइएको् पाइएमा प्रचलित कानून वमोजिम कार्वाहि गरिने छ ।

**१३) कूटनीतिक सुविधा प्राप्त सवारी** : (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची (२ को खण्ड (च) मा लेखिए बमोजिमको नम्वर प्लेट राख्नु पर्छ ।

**१४) अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने** : (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन ।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन ।

**१५) सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिने :** (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरूका सम्बन्धमा नेपाल सरकारले आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछः(

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा ।

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा ।

(ग) सवारीबाट हुन सक्ने प्रदूषणको सम्बन्धमा ।

(घ) सवारी चलाउन सकिने अवधिको सम्बन्धमा ।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिम तोकिएको मापदण्डका अधीनमा रही जाँचबुझ गर्नु पर्छ ।

**१६) एम्वुलेन्स चालकको लागि अयोग्यता** : देहायका व्यक्तिहरू चालकको लागि अयोग्य मानिने छन्:

क) सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्ति ।

(ख) २५ वर्ष उमेर नपुगेको व्यक्ति ।

(ग) प्राथमिक उपचार सम्वन्धी आधारभुत तालिम नलिएको व्यक्ति ।

(घ) छारे रोग भएको वा बौलाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग भएको व्यक्ति

( ङ ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति ।

(च) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति ।

(छ) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरुन्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति ।

(ज) रतन्धो भएको व्यक्ति, वा

(झ) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति ।

तर अपाङ्गको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन ।

**१७) परीक्षणकालमा रहने** : (१) एम्बुलेन्स चालकको लागि शुरूमा छ महिनाकालागि परीक्षणकालमा रहने गरी करारमा नियुक्ति दिइनेछ ।

(२) परीक्षणकालभित्र चालकले यो कार्यविधि वा ऐन अन्तर्गत बनेको नियमबमोजिम पालन गर्नु पर्ने शर्तको उल्लङ्घन पाँच पटकभन्दा बढी गरेमा निजको अधिकार प्राप्त अधिकारीवाट निजको करार सम्झौता तोडि नियुक्ति रद्ध गरिदिनु पर्ने छ ।

**१८) अनुचित व्यवहार गर्न नहुने** : कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन ।

**१९) सार्वजनिक सवारीमा धूम्रपान गर्न नहुने** : सार्वजनिक सवारीमा धूम्रपान गर्न हुँदैन ।

**२०) चालकसँग कुरा गर्न नहुने** : सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन ।

**२१) फेला परेको मालसामान बुझाउनु पर्ने** : सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्छ । त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबीस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी संघको कार्यालयमा बुझाउनु पर्छ ।

**२२) ट्राफिक सङ्केतको पालन गर्नु पर्ने** : (१) चालकले सवारी चलाउँदा ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्छ ।

(२) चालकले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन् ।

**२३.दुर्घटना भएमा चालकको कर्तव्य** : (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्छ।

(२) उपनियम (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनु पर्छ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्छ।

**२४.मादक तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने** : सवारी चलाउँदा चालकले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्न हुँदैन।

**२५.राती सवारी चलाउँदा बत्ती बाल्नु पर्ने** : कुनै पनि सवारी अँध्यारोमा वा कुहिरो लागेको बेलामा चलाउँदा सो सवारीको बत्ती बाल्नु पर्छ।

**२६.अवस्था ठीक नभएको सवारी चलाउन नहुने** : सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन।

२७.आवश्यक सहयोग पुऱ्याउने : कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीहरूलाई आवश्यक सहयोग पुऱ्याउनु पर्छ।

**२८.प्रचार प्रसार गर्ने गराउने**: सवारी दुर्घटनाको रोकथाम गर्न ट्रूफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा विभागले विभिन्न सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नु पर्छ।

**२९. एम्वुलेन्स सञ्चालन समिति** : गाउँपालिका स्तरीय एम्वुलेन्स सञ्चालन तथा कोष व्यवस्थापनकोलागि देहायवमोजिमको दार्मा गाउँपालिका स्तरीय सञ्चालन समिति रहनेछ, सोको गठन प्रक्रिया वडा समितिको सिफारिसमा गाउँ कार्यपालिका बाट हुनेछ।

क) सम्वन्धीत वडाको वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि १ जना अध्यक्ष

ख) सम्वन्धीत स्वास्थ्य संस्थाको सेवा क्षेत्र भित्रवाट कोषाध्यक्ष १ जना

ग) सवै वडाको प्रतिनिधित्व हुने गरी एक जना दलित र एक जना दलित महिला,एक जना अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट रहने गरी बढीमा ६ जना सदस्य

घ)इलाका प्रहरी कार्यालयको प्रमुख सदस्य

ङ)नेपाल रेडक्रसको प्रतिनिधि सदस्य

च)सम्वन्धीत स्वास्थ्यचौकिको प्रमुख सदस्य सचिव

१. समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिसत सदस्य उपस्थित भएमा वैठकको लागि गणपुरक संख्या मानिने छ। समितको वैठक आवस्यकता अनुसार वस्ने छ। यसरी नियम २९ वमोजिम गठन भएको समितमा अध्यक्ष,कोषाध्यक्ष पद मध्ये वाट एक जना माहिला अनिवार्य हुनु पर्ने छ साथै जम्मा सदस्य संख्याको कम्तीमा ३३ प्रतिसत महिला प्रतिनिधित्व हुनुपर्ने छ।

२.नियम २९ बमोजिम गठित सदस्यहरुको पदावधि ३ वर्षसम्मकालागि रहनेछ। यसरी पुन समिति गठन गर्दा सोहि प्रक्रिया वाट गठन गर्नु पर्ने छ।

**३० . एम्वुलेन्स सञ्चालन समितिको काम, कर्तव्य र अधिकार** : एम्वलेन्स सञ्चालन समितिको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :(

क)एम्वुलेन्सको दैनिकी अभिलेख राख्ने,

ख)एम्वुलेन्सको कोषको व्यवस्थापन गर्ने।

ग) एम्वुलेन्सको वार्षिक आय व्यय राख्ने र पेश गर्ने।

घ)लेखा अडिट गराउने।

ङ)भाडादर निर्धारण गर्ने।

च) एम्वुलेन्स सेवाको अनुगमन गर्ने्

एम्वुलेन्स सञ्चालन समितिले अन्य सेवा सम्वन्धमा आफै कार्यविधि वनाइ लागु गर्न सक्ने छ।

## विविध :

**३०) एम्वुलेन्स भाडादर  सम्वन्धी व्यवस्था** : एम्वुलेन्सको भाडादर जिल्ला दररेटमा फरक नपर्ने गरी सञ्चालक समितिले निर्धारण गर्ने छ ।

**३१) कोषको व्यवस्थापन** : क)एम्वुलेन्स व्यवस्थापनको लागि प्राप्त अनुदान ,ऋण तथा अन्य आम्दानी रकम नेपाल सरकार वाट मान्यता प्राप्त ख) श्रेणीको वैङमा खाता खोल्नु पर्ने छ। यसरी वैङकीङ कारोवारो गर्दा समितको अध्यक्ष,कोषाध्यक्ष र सचिवको सयुक्त दस्तखत वाट  सञ्चालन गर्नु पर्ने छ ।

**३२) अनुगमन तथा रेखदेख सम्न्धी व्यवस्था** : एम्वुलेन्सको आर्थिक पारदर्शिकता ,साथै अन्य कामको अनुगमनकोलागि देहाय वमोजिमको गाउँपालिका स्तरिय अनुगमन समिति रहने छ ।

क)सम्वन्धीत गाउँपालिकाको अध्यक्ष संयोजक ।

ख)उपाध्यक्ष सदस्य ।

ग)सामाजिक विकाश समिति संयोजक सदस्य ।

घ)आर्थिक शाखा प्रमुख सदस्य ।

ङ)प्रमुख प्रशासकीय अधिकृत  सदस्य सचिव

**३३) असल नियतले गरेका कामको  बचाऊ**: असल नियतले भलाइकालागि गरेको कार्यलाई कानुन विपरित मान्न सकिने छैन ।

**३४) प्रचलित कानुन बमोजिम हुने**:

(क)   यस कार्यविधीमा  समावेस नभएको  कुरा प्रचलित कानून वमोजिम हुने छ ।

**३५) बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधी कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा  कार्यपालिकाको वैठकको निर्णय वाट  बाधा अड्काउ फुकाउ गर्न निर्णय गरीने छ ।

**३६. संशोधन**: यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको  हुनेछ ।

प्रमाणीकरण मिति : २०७६।०५।१२

आज्ञाले ,
वसुन्धरा पुन
प्रमुख प्रशासकिय अधिकृत